**मिति २०८०/३/१३ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. रोयल्टी व्यवस्थापन सम्बन्धमा ।

२. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

३. मालपोत रजिष्ट्रेशन सम्बन्धमा ।

४. स्थानीय दररेट सम्बन्धमा ।

५. रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि २०८० सम्बन्धमा ।

६. वडा कार्यालयबाट प्रदान हुने सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

७. नगरपालिकाबाट प्रदान हुने सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

८ योजना जाँचपास तथा फरफारकलाई अनुमोदन सम्बन्धमा ।

९. सेवाग्राही सन्तुष्टी सर्भेक्षण सम्बन्धमा ।

१०. नदिजन्य पदार्थ स्टक प्रमाणित सम्बन्धमा ।

११. सडक हेरालु सम्बन्धमा ।

१२. बाल विकास सहयोगि कार्यकर्ताको तलव सम्बन्धमा ।

१३. शितगंगा कृषि/पशु अनुदान कार्यविधि २०८० सम्बन्धमा ।

१४.पाठ्पुस्तक छपाई सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको आन्तरिक आय तथा रोयल्टी व्यवस्थापनलाई थप प्रभावकारी तुल्याउन आन्तरिक आय बृद्धीका थप सूचकहरु र संभावनाहरुको अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकार तर्फको चालु आ.व.को सशर्त अनुदान तर्फ सुरक्षित नागरिक आवास कार्यक्रमको बाँकी रहेको रकमबाट मिति २०८०/१/१० गतेको सुरक्षित नागरिक आवास समन्वय समितिको बैंठकले सिफारिस गरेका १३१२ घरहरु मध्ये वडा नं १, ३, ४ र १३ बाहेकका अन्य सवै वडाहरुले सिफारिस गरेको ११ घरलाई पहिलो किस्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मालपोत कार्यालय अर्घाखाँचीबाट शितगंगा नगरक्षेत्र भित्रको जग्गाको न्यूनतम मुल्याङ्कन माग भई आएकोमा आर्थिक वर्ष २०७९/०८० को न्यूनतम मुल्याङ्कनलाई नै निरन्तरता प्रदान गर्ने निर्णय गरिया ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्ने व्यवस्था गरेबमोजिम यस शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विधायन समिति हुदै पेश भएको शितगंगा नगरपालिकाको रोजगार संबाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

क) वडा अध्यक्ष कुनै कारणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउँ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पिक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई वस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन आवश्यक कार्य गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक लगाउनु पर्ने ।

ङ वडा कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

क) छरिएर रहेका विभिन्न शाखाहरुबाट सेवा प्रवाह गर्दा सेवा प्रवाहमा समस्या भएकोले आगामी दिनमा एकल द्वारबाट सेवा प्रवाह हुँदा सहज, छिटो, चुस्त हुने गरी आवश्यक व्यवस्थापन गर्ने ।

ख) कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, सार्वजनिक सुनुवाई, डिजिटल सुचना प्रणाली, नागरिक वडापत्रलाई व्यवस्थित गर्ने ।

ग) कर्मचारीले मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरणको श्रृजना गर्ने ।

घ) सेवा प्रवाहलाई टोकन सिस्टम बनाउने, आवश्यक प्रकृया पुरा भई पेश भएका सवै कार्य र सेवाहरुको शाखासँग सम्बन्धित शाखाले सोही दिन सम्पादन गर्ने गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

ङ) जिन्शी प्रणलिलाई व्यवस्थित गर्नको लागि नेपाल सरकारले उपलब्ध गराएको पार्म्स सफ्वेयर संचालनमा ल्याउदै जाने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु सम्पन्न भई भुक्तानीको लागि आएका योजना तथा कार्यक्रमहरुको तत्काल भुक्तानीको लागि नगरसभाबाट गठित जाँचपास तथा फरफारक समितिको विभिन्न बैठकबाट भएका जाँचपास तथा फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको सेवा प्रवाहको सन्दर्भमा नागरिक सन्तुष्टी सर्भेक्षण गर्न नलेज डेभलपममेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि.सँग भएको सम्झौता बमोजिम कार्य गरी प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनको विषयमा छलफल भयो । आगामी दिनमा सर्भेक्षणमा उल्लेख भएबमोजि कुन कुन क्षेत्रमा नागरिकका गुनासो छ ति गुनासोलाई सुनुवाई हुने गरी सुधार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा शितगंगा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका खोलाहरुबाट उत्खनन् गरी घाटगद्धीमा रहेको तपशिलको परिमाण अनुसारको नदिजन्य पदार्थ बिक्री तथा निकासी गर्न निम्न शर्तको अधिनमा रही बढिमा मिति २०८० साल कार्तिक मसान्त भित्र गर्न दिने निर्णय गरियो ।

***तपशिल***

| सि.नं. | ठेक्का प्राप्त फर्मको नाम | उत्खनन गरिएको स्थलको नाम | उत्खनन गर्ने कुल परिमाण | बिक्री भई सकेको परिमाण | घाटगद्धीमा बाँकी रहने परिमाण |
|---|---|---|---|---|---|
| १ | स्वाभिमान कन्स्ट्रक्सन प्रा.लि. सुद्धोधन गा.पा. २ रुपन्देही | मुसियान खोला - वगाले विसौना अर्घाखाँची र कपिलवस्तुको सिमाना कुसुमको रुखदेखि सिकारी र मुसियान खोलाको दोभान क्षेत्र | ४६०४ घ.मी. | ३०२४ घ.मी. | ९६० घ.मी |
| २ | कालिका कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौं | रङ्गसिङ्गखोला- बेलदमार पुच्छार देखि खारघाट गाउँको पुच्छार सम्मको क्षेत्र र राँगाकाटे मैदान देखि केरावारी उत्तर पूर्व सम्मको क्षेत्र | १५००० घ.मी. | ६८१५ घ.मी. | ८१४२ घ.मी. |

**शर्तहरु**

(क) घाटगद्धीमा नदीजन्य पदार्थ थप गरेको प्रमाणित हुन आएमा नियमानुसार कारवाही हुने छ ।

(ख) प्राथमिकता प्राप्त आयोजनाले घाटगद्धीबाट नदीजन्य पदार्थ निकासी गर्दा तोकिएको कार्य बाहेक अन्यत्र लगेको पाईएमा सम्झौताको सर्त बमोजिम कारवाही हुने छ ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका प्रमुख सडकहरुमा वर्षायाममा समेत यातायात संचालन तथा बाटोको संरक्षणको लागि निम्न बमोजिमका हेरालुहरु हाललाई मिति २०८० आषाढ १५ गते देखि मिति २०८० श्रावण १५ गते सम्म राख्ने र हेरालुलाई प्रति दिन रु ५२०।- का दरले दैनिक ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. हर्रे सिद्धारा प्रहरी चौकी लौरी सडक हेरालु २ जना ।

२. धानखोला करमगैरा लामिदमार सडक हेरालु २ जना ।

३. ठाडा अमराई जुकेना देउराली ऐरावती (पतञ्जली मार्ग), वडा नं. ४, ५, ६ मा २/२ जनाका दरले हेरालु ६ जना ।

४. भेडामारे सिमलपानी पावर विक्रम सडकमा भेडामारे सिमलपानी खण्डमा २ जना र सिमलपानी पावरा सडक खण्डमा २ जना गरी हेरालु ४ जना ।

५. सितापुर सुवर्णखाल मन्द्रे नेटापोखरा सडक हेरालु २ जना ।

७. चाक्ला गल्दा जुकेना सडक हेरालु २ जना ।

८. देउराली जलुके सडक हेरालु २ जना

९. विक्रम करेचुली सडक हेरालु १ जना

१० डोहोटे झल्ला सडक हेरालु १ जना

११. सितापुर पदमे पोखेडाँडा सडक हेरालु १ जना

१२ लाहापे सिल्झिखोला सडक हेरालु १ जना

१३. मुलावारी झिर्रा सडक हेरालु १ जना

१४ चाक्ला हर्रे सडक हेरालु २ जना

**जम्मा २७ जना**

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व.मा बाल विकास र विद्यालय कर्मचारीको नपुग तलव भत्तालाई आधारभुत तथा माध्यमिक तहका शिक्षकको तलव भत्तामा रहेको वचत रकमबाट निकासा दिने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको कृषि/पशु अनुदान वितरण सम्बन्धि हाल सम्म रहेका सवै कार्यविधिहरुलाई खारेज गरी शितगंगा नगरपालिकाको कृषि/पशु अनुदान कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको स्थानीय पाठ्पुस्तक लेखन (कक्षा १ - ३ सम्म) तथा छपाईमा नपुग हुने रकम संघीय सशर्त कार्यक्रम (कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम) बाट भुक्तानी दिने निर्णय गरियो ।